# पौवादुङमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
चयाङ्ग्रे,भोजपुर

१ नं प्रदेश नेपाल

प. सं. ***(Let NO.)***:-०७६।०७७

च. नं. ***(Ref. No.)*** :-

मिति ***(Date)*** :२०७६/११/२२

**नोवेल कोरोना भाइरस (कोभिड-19) सम्बन्धी विशेष अनुरोध**

छिमेकी मित्रराष्ट्र चीनमा सर्वप्रथम देखा परको कोरोना भाइरस विश्वका विभिन्न मुलुकहरुमा फैलदै विश्वव्यापी चुनौती बन्न पुगेको सन्दर्भमा उक्त भाइरसबाट संक्रमित हुनबाट जोगिन कुनै पनि जात्रा, पर्व , मेला, महोत्सव, ठूला सभा, समारोह नगर्न नगराउन तथा सहभागी नहुन नेपाल सरकारबाट निर्देशन भई आएको तथा पौवादुङमा गाउँ कार्यपालिकाको मिती २०७६।११।२२ गते बसेको बैठकबाट त्यस्ता कार्यक्रम नगर्न नगराउन सम्पूर्ण पौवादुङमा गाउँवासीहरुमा अनुरोध गर्ने निर्णय भएको हुँदा कोरोना भाइरसको सम्भावित संक्रमण एवम् जोखिमबाट जोगिन माथि उल्लेखित कार्यक्रमहरु नगरी नगराई तथा भाग नलिई सम्भावित संक्रमणको रोकथाममा सहयोग गर्न सम्पूर्ण गाउँवासीहरुलाई पौवादुङमा गाउँपालिका हार्दिक अपिल गर्दछ ।

❖ **नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरु**

१. ज्वरो (१००.४ °F)
२. स्वासप्रश्वासमा अत्याधिक समस्या ।
३. रुघा र घोकी ।

❖ **नोवेल कोरोना भाइरसबाट बच्ने उपायहरु**

१. नियमित रुपमा साबुन पानीले हात धुने ।
२. खोक्दा र हृयाछँयु गर्दा नाक र मुख छोप्ने ।
३. यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
४. फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
५. जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सर्म्पकबाट टाढा रहने ।
६. पशुजन्य मासु/अण्डा राम्रोसंग पाकेको मात्र खाने ।

नोट : कोरोना भाइरस प्रभावित देश वा क्षेत्रहरुबाट आउने मानिसहरुमा दुईहप्ताभित्र रुघा खोकी लागेमा , ज्वरो आएममा, घाँटी/टाउको दुखेमा स्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

स्वास्थ्य शाखा प्रमुख